म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१४ अङ्क:- १६३ २०८० वैशाख २४ गते आइतबार 7 May 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

- चौध वर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नलगाऔं ।
- बालबालिकालाई श्रमिक बनाउनु कानूनी अपराध हो ।
- बालबालिकालाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं ।
- बालबालिकालाई शारिरीक र मानसिक विकासमा सहयोग गरौं ।

बालश्रम उन्मुलन अभियानमा सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विशेष पाठशालामा ५५ विद्यार्थी

# १८० जना भर्ना हुने आशामा



आशा विशेष पाठशालाको अभिभावक भेलामा सहभागीहरु ।

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-७ स्थित सि आशा फाउण्डेसनद्वारा सञ्चालित आशा विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्र स्थापना भएको एक दशक भएको छ । स्पेनिस नागरिक आइना वार्काको अग्रसरतामा स्थापित आशा विशेष पाठशालामा फरक क्षमता भएका ५५ जना विद्यार्थी अध्ययनरत छन् । फरक क्षमता भएकाले विशेष पाठशालाको आवश्यकता भएका हेटौंडा नगर क्षेत्रका १ सय ८० बालबालिका भर्ना हुने आशामा छन् । तर, आशा विशेष पाठशालासँग ती विद्यार्थीलाई भर्ना गर्न सक्ने अवस्था छैन ।

शनिबार पाठशालाको अभिभावक भेलामा विद्यालयकी प्रधानाध्यापक रुपा कार्कीले विशेष बौद्धिक तथा शारीरिक रुपमा भिन्न क्षमता भएका बालबालिकाको शारीरिक, बौद्धिक र सामाजिक जीवनलाई सहज बनाउने प्रयास भइरहेको जानकारी दिनुभयो । पाठशालाले महिला, पिछडिएका वर्गहरुलाई विशेष शिक्षा, पूर्व व्यावसायिक शिक्षा, स्वास्थ्य, सिपमुलक तालिम, आधारभूत आवश्यकता, प्रेरणा, परामर्श प्रदान गर्दै आएको जानकारी दिनुभएको छ । २०७१ सालमा स्थापना भएको पाठशालामा सुस्त मनस्थिति भएका १४ जना, स्नायूघात भएका १० जना, हाइड्रोसेफलस भएका २ जना, हाइपोथेराडिज्म भएका २ जना, अटिजम भएका १९ जना र डाउन सिन्ड्रोम भएको ८ जना विद्यार्थी रहेको जानकारी दिनुभएको छ ।

भेलालाई सम्बोधन गर्नुहुँदै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानले कमजोर भएकालाई सुधार गर्ने उद्देश्यले स्थापना भएको संस्थाको उद्देश्य राम्रो भएको बताउनुभयो । धार्मिक हिसावले हेर्ने हो भने पनि पूण्यको काम भएको बताउनुहुँदै विशेष क्षमता भएकाको लागि ठुलो योगदान पुगेको उहाँको भनाइ रहेको छ । मकवानपुरमा अशक्त असहायका लागि मानवसेवा आश्रम भएकोमा गर्व गर्न योग्य रहेको बताउनुहुँदै फरक क्षमता भएकाहरुसँग पनि एक किसिमको प्रतिभा हुने भएकाले उनिहरुको प्रतिभा फाउण्डेसनले उजागर गरेको बताउनुभयो । फाउण्डेसन व्यवस्थित गर्न सम्पूर्ण पक्षसँग आफुले छलफल गरेको प्रमुख घलान बताउनुहुन्छ ।

पाठशालाका अध्यक्ष बालकृष्ण चौलागाईको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको प्रमुख आतिथ्य तथा सि आशा फाउण्डेशनका संस्थापक तथा आशा विशेष पाठशालाका संस्थापक आईना वार्काको विशेष आतिथ्य रहेको थियो । कार्यक्रममा शिक्षक र विद्यार्थीहरुले नृत्य र विशेष क्षमता भएका विद्यार्थीहरुले आफैले बनाएका चित्र, उनिको टोपी, गलबन्दी, पोते लागायतका सामग्री प्रदर्शन गरिएको थियो । विद्यालयमा अध्ययनरत विद्यार्थीमा छात्र ४ जना र ७ जना छात्रा गरी ११ जना आवासगृहमा बसोबास गर्दै आएका छन् । विद्यालयमा १६ जना शिक्षक छन् ।

## क्युएए प्राप्तिको प्रक्रियामा हेटौंडा क्याम्पस




क्युएएसम्बन्धी कागजपत्र आदानप्रदान गरिँदै ।

**समाज संवाददाता**

हेटौंडाः विश्वविद्यालय अनुदान आयोगले हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको शैक्षिक गुणस्तर तथा प्रमाणीकरण (क्युएए) प्रक्रियाको अन्तिम चरणका कार्य गरिरहेको छ । क्याम्पसको संस्थागत, शैक्षिक, भौतिक विकाससँगै क्याम्पसको सामाजिक योगदानको पाटोमा पनि मूल्यांकन गरी क्याम्पसको सर्वपक्षीय सुधारका लागि आवश्यक सहयोग र सहजीकरण गर्ने कार्य आयोगले गर्ने गर्दछ ।

शनिबार एक कार्यक्रमका बीच हेटौंडा क्याम्पसले आयोगका पदाधिकारीलाई क्याम्पसको नीति, शिक्षण सिकाई र मूल्यांकन, अनुसन्धान, परामर्श र विस्तार, पूर्वाधार र अतिरिक्त क्रियाकलापका लागि संरचना जस्ता विषयमा जानकारी गराएको छ । यस्तै विद्यार्थीका लागि समर्थन र मार्गदर्शन प्रदान, सुचना प्रणालीमा र सार्वजनिक सुचना प्रणालीमा विद्यार्थीलाई समावेश गराइएको हुनुपर्ने आयोगले उल्लेख गरेको छ ।

पूर्वपरीक्षण भ्रमण टोलीका संयोजक तथा प्रा.डा. सुनिति हाडा श्रेष्ठले र हेटौंडा क्याम्पस संचालक समितिका अध्यक्ष अनन्तराम पराजुलीबीच शैक्षिक गुणस्तर मान्यता प्राप्तिका लागि तोकिएका मापदण्डमा सम्झौता समेत भएको छ । वैशाख १९ गतेदेखि उक्त टोलीले क्याम्पस, विद्यार्थी, कर्मचारी, प्राध्यापक र अभिभावकबीच विविध विषयमा छलफल, अध्ययन र अनुसन्धान गरेको छ ।

क्याम्पसले पहिलाको तुलनामा केही मात्रामा सुधार गरेको प्रा.डा. श्रेष्ठको भनाइ छ । शैक्षिक गुणस्तर मान्यता प्राप्तिका लागि न्यूनतम मापदण्डहरु पूरा भएको हुनुपर्ने उहाँको भनाइ छ । तर अझै क्याम्पसले बीचैमा पढाइ छाड्ने विद्यार्थीको संख्यामा न्यूनीकरण गर्न नसकेको र नियमित क्याम्पस आउने वातावरण निर्माण गर्न नसकेको अनुगमन टोलीको ठहर छ । सेमिनार, गोष्ठी, क्याम्पस बस, फर्निचरको मर्मत, विभागीय अध्ययन अनुसन्धानमा कम्प्युटर तथा कक्षाकोठाको अभाव, ई-लाइब्रेरीको व्यवस्था, छात्राबासको व्यवस्था नगरिएको श्रेष्ठले बताउनुभयो । स्थानीय तहको प्रचुर मात्रमा सहयोग रहेकाले कसरी अघि बढाउने भन्ने कुरामा क्याम्पसको ध्यानाकर्षण हुन जरुरी रहेको उहाँले बताउनुभयो । श्रेष्ठका अनुसार गत वर्षको तुलनामा पिउने पानीमा भने सुधार भएको छ ।

उक्त परीक्षण अन्तिम रहेकाले छिट्टै शैक्षिक गुणस्तर मान्यता प्राप्तिका लागि मापदण्ड पूरा गर्न प्रा.डा. श्रेष्ठले आग्रह गर्नुभयो । विज्ञ प्रा.डा. विनोद लुइँटेल, विज्ञ प्रा.डा. चिरञ्जीवी खनाल र विश्वविद्यालय अनुदान आयोगका सचिवालय सदस्य सन्विदा पाठकले पनि क्याम्पसले सुधार गर्नुपर्ने विषयमा आफ्ना धारणा राख्नुभएको थियो ।



**आश्रितलाई खाना**ः नेपाल सरकारका उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ मानवसेवा आश्रमको काठमाडौं रानीवन शाखामा आश्रितलाई खाना दिनुहुँदै । आश्रमको अवलोकन गरी श्रेष्ठले मानवसेवा आश्रमको काम निरन्तरताको प्रक्रियालाई अघि बढाउन र अभियान सफल पार्न नेपाल सरकारको तर्फबाट र आफ्नो व्यक्तिगत रुपमा पनि सदैव सहयोग गर्ने बताउनुभएको छ । उहाँले मानवसेवा आश्रमले महान काम निस्वार्थ भावनाका साथ गरिरहेको बताउनभुयो । उहाँले सहयोगापेक्षी सडकमानवमुक्त नेपाल बनाउने प्रक्रियालाई अगाडि बढाउन सम्पूर्ण प्रयत्न सरकारको तर्फबाट गर्ने विश्वास दिलाउनुभएको छ । मानवसेवा आश्रम २०६९ सालदेखि सहयोगापेक्षी सडक मानवको उद्दार, संरक्षण र पारिवारिक पुनर्मिलन गराउँदै आएको छ । २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्ने लक्ष्य लिएको मानवसेवा आश्रमले हाल सातै प्रदेशको १९ जिल्लामा २३ सेवाकेन्द्रहरु सञ्चालनमा ल्याई ७७ जिल्लाका सहयोगापेक्षी सडकआश्रित मानवहरुको उद्धार गर्दै आइरहेको छ ।

**आकर्षक जग्गा भाडामा**

हेटौंडा-२, बालजागृति बोर्डिङ स्कुलको लाईनमा ३ कठ्ठा खाली जग्गा भाडामा उपलब्ध छ । विशेषगरी ठूला कम्पनीहरुका लागि अति उपयुक्त छ । आवश्यक कम्पनीले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

इच्छुकले तु. सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८४१२७४८८३, ९८६१९४४५५८



## सम्पादकीय

# बढ्दो सम्बन्धविच्छेद

विवाहपछिको सम्बन्ध सहज हुन नसकेपछि सम्बन्धविच्छेदको स्थिति आउँछ । सम्बन्ध जोड्ने वैवाहिक सम्बन्ध तोड्नुपर्दा पक्कै सहज हुँदैन । अधिकांश महिला वा पुरुषले विवाहअघि सोचेको जस्तो जिन्दगी विवाहपछि हुँदैन । वैवाहिक सम्बन्धसँग मानिस विभिन्न सम्झौतामा बाँधिन पुग्दछ । यसले गर्दा जोकोहीले आफूले सोचेको जस्तो जीवन जिउन र स्वतन्त्र हुन पाउँदैनन् । यसैको निहुँमा वैवाहिक सम्बन्धमा चिसोपन आउँछ । विभिन्न झगडा, कलह तथा अविश्वास बढ्दै जान्छ । वैवाहिक जीवनको असफलताको अन्तिम बिन्दु भनेकै सम्बन्धविच्छेद हुन पुग्दछ । बालविवाह, बहुविवाह, अनमेल/अन्तरजातीय विवाह, प्रेमविवाह, असमझदारी, अपहेलना, गरिबी, सम्पति, रोग, नि:सन्तान, शंकालु भावना तथा वैदेशिक रोजगारीजस्ता विविध कारणले हाम्रो समाजमा सम्बन्ध विच्छेदको कारण बनिरहेको छ । यी यावत् समस्याले दाम्पत्य सम्बन्धमा चिसोपना ल्याउँछ र अन्ततः सम्बन्धविच्छेदको अवस्थामा पुऱ्याउँछ । श्रीमान र श्रीमतीबीच सामान्य मतभेदलाई दुबै मिलेर समाधान गर्न नसक्दा सम्बन्धविच्छेदजस्तो अप्रिय निर्णयमा पुग्नुपर्ने बाध्यता आउने गरेको छ । जसले गर्दा सम्बन्धविच्छेद एउटा गम्भीर सामाजिक समस्या बन्दै गइरहेको छ ।

धेरै कुराहरु सोच विचार गरी जोडिएको सम्बन्ध बिग्रनु, टुट्नु र फाटो आउनु विडम्बना नै हो । मुलुकमा पछिल्लो समय सम्बन्धविच्छेदका घटना निकै बढिरहेको छ । जिल्ला अदालत मकवानपुरमा रहेका मुद्दाहरुमध्ये सम्बन्धविच्छेदको मुद्दा बढी हुनुले पनि यसलाई पुष्टि गर्दछ । गत बिहीबार जिल्ला अदालत मकवानपुरमा पेशीमा चढेका ४२ मुद्दामध्ये सबैभन्दा बढी सम्बन्ध विच्छेदकै मुद्दा रहनुले सम्बन्धविच्छेद बढ्दै गएको स्पष्ट हुन्छ । बिहीबार फैसला भएका ३ वटा मुद्दामध्ये एउटा सम्बन्धविच्छेदको रहको थियो । सोही दिन पेशी भएका मुद्दामा सबैभन्दा धेरै सम्बन्धविच्छेदका मुद्दा ८ वटा रहेको थियो । चेक अनादर र लागूऔषधसम्बन्धी मुद्दा ७-७ वटा हुँदा सम्बन्धविच्छेदको मुद्दा सोभन्दा बढी रहनुले यो समस्या जटिल बनेको बुझ्न सकिन्छ । अहिले दैनिकजसो सम्बन्धविच्छेदका मुद्दाहरु जिल्ला अदालतबाट फैसला हुने गरेको छ ।

सम्बन्धविच्छेद एउटा अप्रिय घटना हो । विगतमा सम्बन्धविच्छेदका लागि महिलाको इच्छालाई सर्वोपरि मानिन्थ्यो अर्थात् महिलाको इच्छाबिना सम्बन्धविच्छेदको मुद्दा अघि बढ्दैनथ्यो । अहिले त्यस्तो छैन, पुरुषले पनि सम्बन्धविच्छेदका लागि मुद्दा दर्ता गर्न सक्छ । २०७५ भदौ १ गतेदेखि लागू भएको देवानी संहिता (ऐन)ले सम्बन्धविच्छेदका लागि पुरुषले पनि अदालतमा निवेदन दिन पाउने व्यवस्था गरेको छ । यसले पनि सम्बन्धविच्छेदका घटना बढाउन सहयोग पुगेको अनुमान गर्न सकिन्छ । अहिले महिलामात्र नभई पुरुषहरु पनि सम्बन्धविच्छेदका लागि अदालत धाउन थालेका छन् । यसले हाम्रो समाजमा सम्बन्धबिच्छेद सामान्य विषयजस्तो बन्न थालेको छ । बढ्दो सम्बन्धविच्छेदले हाम्रो परम्परागत सामाजिक विश्वास, प्रेम, सामूहिक भावना, सम्बन्ध र सद्भावमाथि नै गम्भीर सवाल खडा गरेको छ ।

विगतमा विभिन्न हिंसा, अवहेलना, बहुविवाहजस्ता कारणले सम्बन्धविच्छेद गर्न महिला बाध्य हुन्थे । अहिले बढ्दो विदेश मोह र त्यसले निम्त्याएका विविध सामाजिक तथा घरायसी समस्याका कारण सम्बन्धहरु टिकाउ हुन सकिरहेका छैनन् । एउटा परिवार राम्रोसँग चलाउन श्रीमान-श्रीमती दुबैको उत्तिकै भूमिका रहन्छ । श्रीमान-श्रीमतीबीच आपसी सद्भाव र विश्वास कायम भएसम्म सम्बन्ध सुमधुर रहन्छ । जब एकापसमा विश्वासको संकट आउँछ, तब सम्बन्धविच्छेदको प्रक्रिया सुरु हुन्छ । सम्बन्धविच्छेदले क्षणिकरुपमा वैयक्तिक स्वतन्त्रता प्राप्त भए पनि यसले हाम्रो सामाजिक संरचनामा ठूलो असर गर्न सक्छ । सामान्यरुपमा देखिने असमझदारी र वैमनष्यताबाट सम्बन्ध तोड्न होइन, आपसी सद्भाव, विश्वास र सम्मानको भावनालाई बलियो बनाउँदै सम्बन्ध जोड्नतर्फ अग्रसर हुनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : साझेदारीका कामबाट लाभ प्राप्त ।
**वृष** : व्यवहारिक र प्राविधिक काममा लागी परिइएला ।
**मिथुन** : बौद्धिकताले आफ्नो वर्चस्व कायम रहला ।
**कर्कट** : आफन्तजनबाट सुख र आनन्द प्राप्त होला ।
**सिंह** : आकस्मिक सम्मान र धन प्राप्ति योग रहला ।
**कन्या** : समझदारी र सहकार्यको भावनामा विकास होला ।
**तुला** : रिस र घमण्डले आफूलाई नै हानी होला ।
**वृश्चिक** : शारीरिक आलस्यता र मन विचलित होला ।
**धनु** : दौडधुप र यात्रामा सरिक भइने योग छ ।
**मकर** : पारिवारिक सहयोग त्यति प्राप्त नहोला ।
**कुम्भ** : काममा सतर्कता साथै विवेक प्रयोग गर्दा राम्रो ।
**मीन** : आध्यात्मिक र दार्शनिक काममा मन लाग्ला ।

# युवाहरु किन देशमा बस्न चाहँदैनन् ?



**रविन शर्मा**

चोक-चौताराका चिया पसलदेखि सामाजिक सञ्जालमा, विशेष गरी युवाहरु माझ वर्तमान नेतृत्व र राजनीतिज्ञले देशलाई निकास दिन नसक्ने निष्कर्ष पुगेका अभिव्यक्ति यत्रतत्र पढ्न तथा सुन्न पाइन्छ ।

त्यो पनि किन नहोस् त जब प्रधानमन्त्री प्रचण्डले निर्वाचनपछि पहिलोपटक संसदमा सम्बोधन गर्दै सरकारले उत्कृष्ट काम गर्ने अपेक्षा र जनविश्वास राहेको भनी संसदमाझ सम्बोधन गरेका थिए। तर त्यसपश्चात राजनीतिक घटनाक्रम उही फेरि सरकारको समीकरण फेर-बदलमा केन्द्रित रह्यो। आर्थिक अवस्था, विद्यमान बेथिति, नेतृत्वको कार्यप्रति वितृष्णा र निराशाले अतः जनता विदेशिनुको विकल्प देखेका छैनन् ।

तथ्यांकले पनि त्यही इंकित गर्दछ । वैदेशिक रोजगार विभागका अनुसार औपचारिक रुपमा रोजगारीका लागि विदेश जाने नेपालीको संख्या दैनिक तीन हजार ३२७ छ भने अध्ययनका लागि विदेशमा पढ्न जान गतवर्ष मात्र १ लाख १५ हजार विद्यार्थीले शिक्षा मन्त्रालयबाट नो-अब्जेक्सन पत्र लिएका छन्। तन्नेरी पुस्ता एकदमै आत्तिएको छ, देश छाड्न चाहन्छन् भनी नेपाली सामाजिकको विद्यमान अवस्थालाई गरिने चित्रण यथार्थपरक नै छ ।

बढ्दो अनिश्चितता र आर्थिक अवसरको अभाव व्यहोरेका जनता जीविकोपार्जन गर्न रोजगारी र अवसरको खोजीमा सम्भव भएसम्म विदेशमै स्थायी बसोबासको गर्ने उदेश्य साथ विदेशिने गरेका छन् । तरुणहरू देशको परिस्थिति बदिलिने, अवसर सृजना गर्ने प्रयास समेत नगरी कलिलो १८-२० वर्ष उमेत पुग्दा-नपुग्दै पैसा कमाउन विदेशतर्फ नै लम्किनु पर्छ भनी मानसिकता विकास हुँदै गइरहेको अवस्था हो। यस्तो धरातल कुनै मुलुकका निम्ति कदापि राम्रो होइन, हुँदैन ।

रोजगारीको अवसर नहुँदा गुजारा टार्न धौधौ पर्नेहरू वैदेशिक रोजगारीमा जानु स्वाभाविक हो । तर सीप, शिक्षा र अवसर समेत पाएका, भएकाहरू पनि विदेशिएका छन् वा विदेशिन तम्तयार भएर बसेका छन् । जब द्रुत आर्थिक वृद्धि र जनताको अपेक्षा पूर्ति गर्न दक्ष जनशक्तिको चरम खाँचो छ, किन शिक्षित तथा सीपयुक्त व्यक्तिहरू आफ्नो करियर जन्मभूमिमा बनाउने विचार गर्दैनन् ?

किन विदेशमा पढ्न वा कामको सिलसिलामा गएका व्यक्तिहरु नेपालमा फर्केर व्यापार व्यवसाय गर्ने आँट गर्दैनन् ?

यो आजको यक्ष प्रश्न हो र उक्त प्रश्नको उचित जवाफ खोज्नु नै आगामी दिनमा नेपालको भाग्य निर्धारण गर्न महत्वपूर्ण हुन्छ ।

विदेशिनुका विभिन्न कारणहरुमध्ये आर्थिक कोणलाई विषेश गरी औंलाइन्छ । तर विदेशमा सापेक्षीत सफलता पाएका केही गर्छु भनी नेपाल फिर्ता आएका पनि हरेस खाई सकिँदैन यता भन्दै पुनः विदेश फर्कने गरेको देखिन्छ । त्यसैले आर्थिक पाटो बाहेकका केही संरचनात्मक र सामाजिक चुनौति छन्, जुन अक्सर बेवास्ता गरिन्छ तर सम्बोधन गर्न झन् अपरिहार्य छ ।

### संरचनात्मक समस्या

नेपालको सविधान २०७२ ले नेपाली जनतामा सार्वभौमसत्ता राखी कानुनी राज्यको अवधारणा अनुरुप लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित भई शान्ति, सुशासन, विकास र समृद्धिको प्रत्याभूति जनतालाई गराउने अठोट गरेको छ । तथापि नेपालमा अझै पनि कानुनको शासनभन्दा पनि शक्तिद्वारा निर्देशित राष्ट्र हो । अर्को शब्दमा भन्दा नेपाल कानुनी राज्यभन्दा पनि कानुनद्वारा शासित देश हो ।

सरल भाषामा भन्दा कानुनी राज्य भन्नाले सबै नागरिक कानुनद्वारा समान र निष्पक्ष रूपमा शासित हुने व्यवस्था हो । अर्कोतर्फ कानुनद्वारा शासन भन्नाले सत्तामा रहेकाले कुनै जवाफदेहिता बिना मनमानी ढंगले आफूले चाहेअनुसार कानुन बनाउन र लागु गर्नु हो । अपसोच ! नेपाल पदवालहरूले अनुचित कानुन बनाई आफ्नो फाइदाको निम्ति दुरुपयोग गर्ने बिगबगी प्रवृत्ति छ ।

जस्तै- सबै नागरिकलाई संवैधानिकअनुरुप समान भएता पनि सरकारले प्रभावशाली राजनीतिज्ञ र उनीहरुका नजिकका कार्यकर्तालाई कार्यकारी आदेशद्वारा वा नियमावली बनाई छुट्टै उपचार खर्च दिन व्यवस्था मिलाएका छन् । यो जनता र शक्तिशाली व्यक्तिबीच वैधानिक तवरबाट राज्यले गर्दै आएको विभेदको एक दृष्टान्त मात्र हो । यस्ता राज्यद्वारा गरिरहेका वैधानिक विभेदको लामो फेहरिस्त छन् ।

त्यसैले जब कानुनद्वारा नागरिकहरू समान रूपमा शासित हुनेछन् भन्ने कुनै ग्यारेन्टी छैन, जनताले राज्यका अधिकारीहरु वा सत्ता र शक्तिमा रहेका व्यक्तिहरूको आचरण, कार्यप्रति गम्भीर रुपमा प्रश्न, चुनौति वा जवाफदेहिता खोज्न सक्दैनन् । विषेश गरी नेपालमा नियम-कानुनहरू बनाउँदैदेखि अस्पष्ट, विरोधाभास तथा अव्यवस्थित हुन्छन् ।

त्यसकारण कर्मचारीले मनोगत, आत्मपरक एवं स्वेच्छाचारी ढङ्गबाट व्याख्या गर्न पर्याप्त ठाउँ मिल्ने गर्दछ । फलस्वरुप साधारणतया जनताले अड्डामा कर्मचारीहरुले गर्ने व्यवहारको प्रतिकार र आफ्नो हकको रक्षाभन्दा पनि रिझाइ-फकाइ आफ्नो काम गर्नतर्फ लाग्दछन् । यो नै नेपालमा भ्रष्टाचारको मूल जरिया हो ।

यस विकृत संरचनात्मक परिस्थिति विद्यमान रही रहनुमा कानुन कार्यान्वयन गर्ने निकाय र अदालत कर्मकाण्डी हुन पनि प्रमुख कारण हो । प्रहरी सरुवा बढुवाको लागि शक्ति-केन्द्रको दैलो चहार्दै हिँड्छ र आफ्नो अख्तियारीअनुरुप काम कारबाही गर्नुभन्दा पनि माथिको आदेश भन् बढी रुचाउ छ ।

तसर्थ कसैले यदि प्रहरीमा जाहेरी दिनु परेमा पहिले प्रहरीको उच्च अहोदाको कोही चिनेको छ कि भनी त्यसतर्फ खोजी गर्ने प्रचलन छ । त्यसैगरी न्यायालयमा न्यायाधीश नियुक्ति हुन नेताको घर र पार्टीको अफिस जानुपर्ने बाध्यता छ जसले गर्दा न्यायाधीशहरु कानुनी सिद्धान्तको विश्लेषणको सट्टा शक्ति-स्रोत परक कानुनी व्याख्या गर्छन् भन्ने आम बुझाइ छ ।

फलस्वरुप वकिलको क्षमता वा न्यायमा विश्वासभन्दा पनि मुद्दा मिलाइदिन्छु भन्ने विचौलियामा भरोसा गर्नुपर्ने परिस्थिति सृजित भएको छ ।

### सामाजिक सोचको चुनौति

त्यस्तैगरी व्यथित संरचनात्मक समस्या हुनुमा सामाजिक सोच पनि एक प्रमुख कारण हो । नेपाली समाजमा अझै पनि राणाकालीन चाकडीप्रथा शैली हाबी छ जसले गर्दा मेरिटोक्रेसी र व्यावसायिकता (प्रोफेशनलिजम) को गम्भीर अभाव छ ।

समाजले कस्तो मानवीय व्यवहारलाई रुचाउँछ वा प्राथमिकता दिएको छ, त्यसले ठूलो असर समाजको संरचनात्मक बनोटमा पर्दछ । नेपाली समाजले कामसँग मतलब राख्ने गर्ने व्यक्तिभन्दा गलफती गफ गर्ने व्यक्तिलाई रुचाउँछ ।

फलस्वरुप कुनै अफिसमा गफ गर्नेहरूको जमात बढी हुन्छ र कनै सहकर्मीले हल्ला नगर काम गर भन्यो भने त्यो व्यक्ति ठूलो भएको, फूर्ति लगाको भनी कुरा काट्ने, नरुचाउने प्रवृत्ति छ । यसले समयमै काम सम्पन्न गर्न, उत्पादन वृद्धि गर्नेतर्फ सकारात्मक माहोल सिर्जना गर्न ज्यादै कठिन छ ।

अर्को झन् गम्भीर समस्या भनेको प्रश्न गर्ने, उठाउनेप्रति समाजको अझै नकारात्मक सोच । जस्तो कि हुर्किँदै गर्दा ठूलाहरूलाई आदर गर्नू भनी सिकाइन्थ्यो जसको अन्तर्य ठूलासँग बढी प्रश्न वा बहस गर्नु हुँदैन भन्ने हो। प्रश्न गरे मुखमुखै लाग्ने व्याक्ति कहलाइन्थ्यो ।

यस्तै विकृत बुझाइ व्यावसायिक क्षेत्रमा पनि विस्तार भएको छ । उदाहरणको लागि कुनै अफिसमा हाकिमले गरेको कार्य वा उनले पेश गरेको प्रतिवेदनलाई कनिष्ठ कर्मचारीले कमी औंलाएमा वा सुझाव दिएमा व्यक्तिगत अपमानको रूपमा लिइन्छ । अझ कम उमेरको व्यक्तिले गल्ती औंलाइदियो भने सिधैं खारेज, नसुन्ने गरिन्छ ।

हुन त दक्षिण कोरिया, जापानजस्ता देशहरूको व्यावसायिक वातावरणमा पनि सिनियर र जुनियरको ठूलो महत्व र जुनियरले सिनियरलाई प्रश्न उठाउने आँट समेत नगर्ने उस्तै संस्कृति छ । तर त्यहाँ ठूला पदमा कर्माचारीको अधिकारसहित उत्तरदायी पनि उत्तिकै हुन्छन् र सो पदमा रहेने-नरहने कार्यसम्पादन र उत्पादकतासँग प्रत्यक्ष सम्बन्धित हुन्छ ।

अपसोच नेपालमा भने परिणामभन्दा पनि चकडी, नाता-पाता, गुटबन्दी, युनियन आदि बनाई दबाब सृजना गरी पदमा रहिरहने मात्र नभई उल्टो पदोन्नती समेत हुने परिपाटी छ ।

### परिवर्तन गर्नैपर्ने कुरुप सफलताको शूत्र

नेपाल अब त्यो व्यथितिको चरणमा पुगेको छ जहाँ सफलताको दिशानिर्देश शक्ति-केन्द्रसँग नजिकतामा निर्भर गर्दछ । देशमा क्षमता, इमान्दारिता, एकाग्रता, कार्यसम्पादन आदिको आधारमा पदोन्नती, सफलता प्राप्त हुँदैन । नियम-कानुनलाई बेवास्ता गर्नसक्ने आधारमा गर्दछ ।

सामान्य सार्वजनिक सवारीमा चढ्ने जस्तो दैनिक कार्य पनि ठेल्ने, घचड्ने शक्ति प्रयोग गर्नुपर्ने अवस्था छ । ट्राफिक जाममा रोड लेन पालना गर्नेभन्दा लेन अनुशासन पालना नगर्नेहरु आफ्नो गन्तव्यमा छिटो पुग्ने सडकको कथा छ । सामान्य जीवनमा दैनिक भोग्ने यी उदाहरणको सार र पाठमा नेपाली समाजको अधिकांश ठाउँमा शक्ति, पहुँच र नियम-कानुन तोडे सफल भइन्छ भन्ने लागु हुन्छ ।

त्यसैले आफ्नो बलबुताले काम गर्न, नियम-कानुन अनुरुप काम होस् भन्ने अरुलाई नमः नमः गर्न इच्छुक नहुने स्वाभिमानी दक्ष नेपालीलाई चाप्लुसी केन्द्रित नेपाली समाजसँग सकस छ ।

जब विदेशमा रोजगारी पाइन्छ, स्वास्थ्य बिमा हुन्छ, राम्रो शिक्षा, चढ्नको लागि सजिलै गाडी किन्ने पैसा र चिल्ला सडक, बुढेसकालमा सामाजिक सुरक्षा आदि आफ्नो जीवनलाई सहज बनाउने अनेकौं सुविधाहरु उपलब्ध छन् भने किन कोही अरुलाई ज्यू हजुर गर्न नेपालमा किन बस्नु ?

विदेशमा कष्टकर जीवन छैन भन्ने होइन, त्यहाँ पनि संघर्षरत जीवन नै छ । तर प्रतिफल मेहनत र काबिलियतमा निर्भर छ । कानुनबमोजिम कामकाज हुन्छ, नेता र कार्मचारीको चाप्लुसी र चेपारो घसेर होइन ।

अब नेतृत्वले सोच्नुपर्छ, कानुनी राज्य बनाउने कि 'आफू'वाद लाई निरन्तरता दिने ? नेता र कार्मचारीको चाप्लुसी गर्न जनतालाई पठाउने कि समानताको सिद्धान्तअनुरुप प्रणाली विकास गर्ने ?

निर्देशिका जारी गरी विदेशमा अध्ययन गर्न वैदेशिक अध्ययन अनुमति पत्र दिन कडाइ गरी थप कर्मचारीलाई शक्ति दिने कि संरचनातमक सुधार र सामाजिक परिवर्तन गरी नागरिकलाई गरिखान दिने वातावरण निर्माणमा लाग्ने ?

यी प्रश्नको उत्तर नेतृत्वले दिनैपर्ने अवस्था आएको छ । *(स्रोत: सेतोपाटी)*

# लोभ गर्नु खराब नै हो र ?



**मनिषा थापा**




समाजमा धेरैले भनेको हामी सुन्छौं- 'कस्तो लोभी रहेछ, मरेपछि पनि सँगै लिएर जान्छ कि क्या हो ।'

कुनै पनि प्रिय चीजमा लोभ लाग्नु मानवीय स्वभाव नै हो । सायद यो स्वभाव अन्य प्राणीमा पनि होला । माथिको भनाइ जस्तै लोभ राख्नु वा जाग्नु खराब नै हो त ?

'कुनै कुराको अति आशक्ति राख्नु चाहिं खराब हो,' मनोविद् गोपाल ढकाल भन्छन्, 'तर सकारात्मक लोभले मान्छेलाई प्रगतिको बाटो लैजान्छ । लोभकै कारण प्रगतिपथमा लागेका धेरै व्यक्ति हाम्रै वरपर छन् ।'

नकारात्मक कुराको लोभ गर्नु भने हानिकारक हुन्छ । यसकै कारण अपराधको भूमरीमा समेत पर्न सकिन्छ । लोभले प्रगति, उन्नतितर्फ लैजाने आशक्ति पैदा गर्ने पाटो हुँदाहुँदै पनि समाजमा यो नराम्रो नै हो भनेर व्याख्या गर्ने प्रवृत्ति देखिन्छ ।

### कस्तो व्यक्ति बढी लोभी ?

लोभ मानवीय गुण हो, कसैमा बढी त कसैमा कम हुने मनोविद् ढकाल बताउँछन् । 'कम लोभ छ भने व्यक्ति जे छ त्यसमा खुसी हुन्छ भने बढी लोभ छ भने व्यक्ति सही र गलत पनि छुट्याउन नसक्ने अवस्थामा पुग्न सक्छ,' उनी भन्छन् ।

### के लोभ गर्नु वास्तवमै खराब हो ?

एकपटक सद्गुरु जग्गी वासुदेवले भनेका थिए, 'सानैदेखि लोभ गर्न हुँदैन भनेर सिकाइन्छ तर लोभ नहुँदो हो त व्यक्ति सफल बन्न सक्दैन । व्यक्तिले आफ्नो जरुरत के हो भन्ने कुराको अनुभव गर्न सक्दैन र उसमा प्रगति गर्ने भाव आउँदैन । भौतिक आयाममा मात्रै सीमित हुन्छ अर्थात् व्यक्ति जे छ त्यसमै सीमित रहँदा त्यो व्यक्ति सिर्जनशील हुन सक्दैन । कुनै कुराको लोभले नै व्यक्तिलाई सर्वोत्कृष्ट बनाउने हो ।'

...बाँकी पृष्ठ ३ मा

# "वडावासीलाई भरपर्दो सेवा प्रदान गर्दै आइरहेका छौं"

गत वर्षको स्थानीय तह निर्वाचनबाट वडा अध्यक्ष चयन भएको एक वर्ष पूरा हुन लागेको छ। वडामा लगातार जनप्रतिनिधि निर्वाचित भएसँगै उल्लेख्य काम हुने अपेक्षा गरिएको छ । निर्वाचित भएको पहिलो वर्ष कस्तो रह्यो भन्ने सन्दर्भमा समृद्ध समाज दैनिकका संवाददाता बसन्त भण्डारीले हेटौंडा उपमहानगर पालिका वडा नम्बर २ का अध्यक्ष विष्णुगोपाल महर्जनसँग गर्नुभएको कुराकानीको सम्पादित अंश:


विष्णु गोपाल महर्जन, वडा अध्यक्ष
हेटौंडा उपमहानगरपालिका-२

**समाज: वडा अध्यक्षको पदभार ग्रहण गरेको पहिलो वर्ष कस्तो रह्यो ?**

**महर्जन**: हामी हाम्रा घोषणापत्रमा उल्लेख गरेका विषयहरुमा नै लक्षित गरी अघि बढिरहेका छौं । वडामा रहेर हामीले वडाभित्र रहेका २० वटा टोल विकास संस्थासँग काम गरि सकेका छौं भने थपेका एउटा नयाँ टोल विकाससँग काम गर्न बाँकी रहेको छ । पहिलो वर्षमै हामीले बजेट बनाउँदा तल्लो स्तरबाटै भिजाउँदै लग्ने उद्देश्यले टोल विकास संस्थाहरुलाई पनि राखेका थियौं । सबै टोल विकास संस्थाका समस्याहरुलाई सम्बोधन गर्ने गरी नै हामीले बजेट ल्यायौं । त्यसैअनुसार हामी पूर्वनिर्धारित योजनाहरुलाई करिब सबै योजनाहरुलाई सञ्चालनमा ल्याइसकेका छौं । अड्केका केही कामहरुलाई हामीले टेन्डर मार्फत कार्यान्वयनमा ल्याइसकेका छौं । हामीले वडामा सेवा लिन आउने सेवाग्राहीहरुलाई सुशासनको पालनासहित छिटो-छरितो र भरपर्दो सेवा प्रदान गर्दै आइरहेका छौं ।

**समाज: तपाईले सपथ ग्रहण गर्दा लिनुभएका लक्ष्यहरु के कति पूरा भयो र अरु के हुँदैछ ?**

**महर्जन**: सपथ ग्रहण गर्दा त त्यस्तो लक्ष्य हुँदैन । तर हामीले पाँच वर्षभित्र गर्ने काम र योजनाहरुलाई समेटेर एउटा घोषणापत्र बनाएका थियौं । हामीले गर्ने भनेका योजनाहरु थुप्रै रहेका छन् । तीमध्ये हामीले पहिलो वर्षमा गर्छौं भनेका कामहरु लगभग सकिसकेको छ ।

**समाज: वडा अध्यक्षको रुपमा पहिलो वर्षको कार्यकालमा के कस्तो सहजता वा असहजता आयो ?**

**महर्जन**: वडा अध्यक्ष एउटा राजनीतिक पद भएकोले हामीले कतिपय विकास निर्माणका कामहरु गर्न खोज्दा पनि कतिपय बाधाहरु आइपरेको थियो । म पहिला नै नगरपालिकामा इन्जिनियरको रुपमा काम गरिसकेको हुनाले मैले थुप्रै राम्रा कामहरु गर्न खोज्दा कतै स्वार्थ बाझिने, कतै मानिसहरुले व्यक्तिगत स्वार्थलाई बढी जोड दिएका हुनाले सोचेअनुरुप काम गर्न चाहिँ अलि कठिन नै भयो ।

**समाज: तपाईले आफ्नो निर्णय प्रक्रियामा वडाबासीहरुको प्रतिक्रियाहरुलाई कसरी समेट्नु भएको छ ?**

**महर्जन**: वडाबासीहरुको माग, मुद्दा, समस्या र गुनासाहरु सम्बोधन गर्नका लागि हामीले टोल विकास संस्थाहरुलाई बेलाबेलामा बोलाएर उहाँहरुसँग सल्लाह लिन्छौं र हामीले योजना बनाउँदा पनि उहाँहरुलाई पनि सँगै राखेर निर्णय गर्छौं । यसरी नै समेट्दै छौं ।

**समाज: अब आउने नयाँ बजेटमा तपाईको प्राथमिकताका विषयहरु के-के रहन्छन् ?**

**महर्जन**: अब नयाँ बजेट असारमा आउँछ । त्यसलगत्तै हामी सबै टोल विकास संस्थाहरुलाई बोलाएर उहाँहरुलाई नै राखेर हामीले योजनाहरु बनाउनेछौं । अगामी बजेटको लागि योजना धेरै छन् । तर म चाहिँ अहिले हेटौंडा उपमहानगर पालिकाको नगर पर्यटन विकास समितिको संयोजक भएकोले हाम्रो मुख्य प्राथमिकताको रुपमा नगर पर्यटन रहनेछ । महाभारत पार्क बनाउने, ५ नम्बर र २ नम्बर वडामा रहेका खोल्चामा वाल र २ मिटर फुटपाथ बनाउने जस्ता आन्तरिक पर्यटकलाई आकर्षण गर्ने खालका योजनाहरुमा जोड दिनेछौं ।

**समाज: तपाईसँगै निर्वाचित अधिकारीहरु र अन्य सामुदायिक नेताहरुसँग सम्बन्ध निर्माण गर्न कसरी काम गर्दै हुनुहुन्छ ?**

**महर्जन**: हामी निर्वाचित प्रतिनिधिहरु छलफल गरी निर्णय गरेर नै अगाडि बढ्दै आएका छौं । त्यसबाहेक अन्य दलका प्रतिनिधिहरुसँग हामीले गत वर्षको बजेट बनाउँदा त्यति सम्पर्क गर्न सकेनौं । तर यसपालिको बजेट बनाउँदा सम्भवत: हामी सबै राष्ट्रिय मान्यता प्राप्त दलहरुलाई राखेर उहाँहरुको माग, मुद्दाहरुलाई सम्बोधन गरी अघि बढ्ने योजना बनाएका छौं।

# हेटौंडामा आधारभूत काष्ठ हस्तकला तालिम सुरु


*काष्ठ हस्तकलाको तालिममा सहभागी हुने प्रशिक्षार्थीहरु ।*

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश युवा परिषद्को आर्थिक सहयोग तथा सामुदायिक विकास तथा सचेतना नेपालको आयोजनामा हेटौंडामा आधारभूत काष्ठ हस्तकला तालिम सुरु भएको छ। शनिबार जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानले तालिमको उद्घाटन गर्नुभएको हो ।

सामुदायिक विकास तथा सचेतना नेपालले स्थानीय युवा तथा महिलाहरुमा काठको हस्तसीपको कलामा व्यवहारिक ज्ञान र सीप विकास गर्दै उद्यमशिलता विकास गर्ने उद्देश्यले तालिम आयोजना गरिएको संस्थाकी कोषाध्यक्ष सरु अधिकारीले बताउनुभयो। तालिममा २० जना युवा तथा महिलाहरु सहभागी हुने उहाँले बताउनुभयो । तालिम आइतबार देखि ६५ दिनसम्म पिप्ले-पोखरा सामुदायिक वन उपभोक्ता समुहको भवन चल्नेछ ।

संस्थाले तालिम पश्चात मकवानपुरको पहिचानको रुपमा रहेको काठको ठेकी निर्माण तालिम प्रदान गर्ने जनाएको छ । तालिममा सहभागी नवउद्यमीहरुका लागि उत्पादनलाई बजारीकरण गर्नका लागि सहयोग गर्ने कार्यक्रमहरु पनि यसै योजनामा रहेको जनाएको छ ।

उद्यमी समुहले निर्माण गरेको हस्तकला सामग्रीको ठुला डिजिटल मार्केटहरुसँग समन्वय गरी बजारीकरणमा सहयोग गर्ने, उत्पादित सामग्रीहरुलाई वन उपभोक्ता महासंघसँग समन्वय गरी काठको सामग्रीलाई सर्टीफाई गर्ने र ब्राण्डिङ गर्ने, उद्यम सञ्चालनका लागि विभिन्न बैंक र सहकारी संस्थाहरुसँग अन्तरक्रिया तथा समन्वय गर्न सहयोग गर्ने लक्ष्य रहेको जनाएको छ। तालिमलाई पिप्ले-पोखरा सामुदायिक वन उपभोक्ता समुह र अस्मिता नेपालले समन्वय गरेको छ ।

संस्थाका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको सभाध्यक्षमा भएको तालिम उद्घाटन कार्यक्रममा बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, गैरसरकारी महासंघ बागमती प्रदेश अध्यक्ष आरती पाठक, हेटौंडा-५ का वडा सदस्यहरु ज्ञान बहादुर थापा, रामबहादुर राई, रन्जिता सिलवाल लगायतको उपस्थिति रहेको थियो ।

# १२६ जनाको नि:शुल्क स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१७, हटियास्थित प्रस्तावित श्री जगद्गुरुत्तम चिकित्शालयस्थलमा भएको नि:शुल्क स्वास्थ्य शिविरमा १ सय २६ जनाको स्वास्थ्य परीक्षण गरिएको छ । शनिबार सम्पन्न शिविरमा नाक, कान तथा घाँटी, जनरल फिजिसियन र फिजियोथेरापी सम्बन्धी स्वास्थ्य जाँच गरिएको थियो ।

मासिकरुपमा संचालन हुने शिविरमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका नाक, कान तथा घाँटी स्वास्थ्य सम्बन्धी डा. विमल पोखरेल, जनरल फिजिसियन डा. अमिता थापा, तथा जस्मिन हस्पिटल प्रालि मायादेवी-१ की सञ्चालक फिजियोथेरापिस्ट डा. रोशनी नेपालीद्वारा १ सय २६ जना स्थानीयसहित साधकहरुको स्वास्थ्य जाँच गरिएको थियो । शिविरमा नि:शुल्क स्वास्थ्य जाँच गरिनुका साथै नि:शुल्क औषधी पनि वितरण गरिएको थियो । श्री राधा माधव समिति नेपाल, जगद्गुरुतम मन्दिर अध्यात्म केन्द्र र डिभाइन युथ क्लब नेपालको संयुक्त आयोजनामा शिविर भएको हो । शिविर श्यामा श्याम सत्संग केन्द्र रामबजार पोखराका अधक्ष्य नारायण बहादुर बानियाँको सभाध्यक्षता तथा नेपाल उद्योग बाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य अरुण राज सुमार्गीको प्रमुख आतिथ्यमा भएको हो ।

कार्यक्रममा सुमार्गीले आध्यात्मिक भावनासँग जोडिएर आयोजना गरिएको कार्यक्रमले स्थानीयवासीमा सकारात्मक उर्जा थप्ने र स्थापित जगद्गुरुत्तम मन्दिरले मकवानपुर जिल्लाको धार्मिक पर्यटन विकासमा महत्तवपूर्ण भूमिका खेल्ने कुरा व्यक्त गर्दै आगामी दिनमा आफ्नो तर्फबाट पनि सहयोग रहने बताउनुभयो ।

उद्घाटन कार्यक्रममा सहभागी अतिथिले आगामी दिनमा संस्थासँग जोडिएर सहकार्य र समन्वय गर्ने बताएका छन् । विगतका दिनहरुमा संस्थाले शिविरहरु संचालन गर्दै आएको छ। २०७६ पुस महिनादेखि सुरु भएको शिविर कोरोना अवधिभर रोकिएर पुन: सञ्चालन हुँदै ३० औं श्रृङ्खला अन्तर्गत शनिबारको शिविर सम्पन्न भएको हो । विगतमा विभिन्न विधामा आयोजित शिविरमा विशेषज्ञ डाक्टरहरुद्वारा स्वास्थ्य जाँच गरिएको थियो । अब आउने महिनामा विशेषज्ञ डाक्टरहरुबाट हेटौंडाका स्थानीय बासिन्दालाई अझै लाभ पुऱ्याउने योजना रहेको जनाइएको छ ।

# बेलायती राजा चार्ल्स तृतीयले लगाए राजमुकुट

**काठमाडौं: बेलायती राजा चार्ल्स तृतीयले राजमुकुट पहिरिएका छन् । शनिबार वेस्टमिन्स्टर एबीमा विश्वका एक हजार भन्दा बढी नेताहरु र दशौं लाख टेलिभिजन दर्शकका अगाडि उनले राजमुकुट पहिरिएका हुन् ।**

**धर्मगुरु आर्चबिसपले ३६० वर्ष पुरानो सेन्ट एडवार्डको मुकुट चार्ल्स तृतीयको शीरमा राखिदिए । सोही समारोहमा आर्चबिसपले क्वीन मेरिज क्राउन रानी कमिलालाई लगाइदिएका छन् । राजा चार्ल्स तृतीयको राज्यभिषेकमा १९ वटा सैनिक ब्याण्ड, ३३ वटा कमनवेल्थ देशका प्रतिनिधि, २५० वटा घोडा र ४००० सैनिक सहभागी थिए। यो ७० वर्षपछि बेलायतमा आयोजित सबैभन्दा ठूलो सैनिक परेड हो।**

**उक्त कार्यक्रममा राजपरिवारका सदस्य, सेलिब्रिटी, विभिन्न देशबाट निम्त्याइएका पाहुना गरी २२ सय भन्दा बढी सहभागी गिए । राजमुकुट पहिरिएपछि राजा तृतीय वेस्टमिन्स्टर एबीबाट बकिंघम प्यालेसतर्फ फर्किएका थिए । राजा रानी बकिंघम प्यालेसतर्फ फर्किादा हजारौं सर्वसाधारणले स्वागत गरेका थिए। स्रोत: अनलाइनखबर ।**

# लोभ गर्नु...

लोभ नभएको व्यक्तिमा कुनै कुराप्रति आकर्षण नै नहुने मनोविद् ढकाल बताउँछन् । माया, मोहजस्ता भावना पनि लोभकै कारण सिर्जना हुने भएकाले यो आफैंमा नराम्रो नहुने उनी बताउँछन् ।

'सुन्दर फूल देख्नुभयो तर त्यो फूलप्रति लोभ नै जाग्दैन भने त्यसलाई प्राप्त गर्ने चाहना तपाईंमा हुँदैन । यसको अर्थ के हो भने कुनै पनि चीज प्राप्त गर्ने उत्प्रेरणा नै लोभ हो,' ढकाल भन्छन्, 'धन होस् वा बौद्धिक विकास, लोभ भएन भने त्यसको लागि मेहनत र कसरत नै हुँदैन ।'

**लोभ पैदा हुनु रसायनको खेल**

विज्ञानले पनि लोभ मस्तिष्क एक रसायनको खेल भएको पुष्टि गरेको छ । हार्वर्ड विश्वविद्यालयले गरेको एक अध्ययनले डोपामाइन रसायनले मानिसमा लोभ बढाउने उल्लेख गरेको छ । अध्ययन अनुसार जब डोपामाइन निस्कन्छ, तब मानिसलाई केही कुरा राम्रो लाग्छ । जति धेरै डोपामाइन रिलिज हुन्छ, त्यति नै राम्रो महसुस हुन्छ ।

धन, प्रतिष्ठा, इज्जत एकपटक अनुभव गरेपछि शरीरमा भएको डोपामाइनले पुन: त्यस्तै आयाम पटकपटक प्राप्त गर्न लालयित बनाउन सक्छ ।

**लोभ गर्न बच्चादेखि नै सिकाइन्छ**

लोभ जन्मजात आएको गुण होइन । जन्मिएपछि हुर्किंदै जाँदा बच्चालाई अभिभावकबाट नै सिकाइने पाठ भएको मनोविद् ढकाल बताउँछन् । 'जस्तो, बाल्यकालदेखि नै खानेकुरा फाल्न हुँदैन, सञ्चित गर्नुपर्छ । पैसा धेरै खर्च गर्न हुँदैन, भोलि केही किन्न काम लाग्छ भनेर सिकाउनु पनि एउटा लोभ नै हो,' उनी भन्छन्, 'यसले बच्चालाई हरेक कुराको हद सिकाइरहेको हुन्छ यससँगै उसको मनोविज्ञानमा लोभको भावना हुँदै गएको हुन्छ ।'

लोभ आवश्यकता भन्दा बढी भयो र अरुलाई हानि गऱ्यो भने त्यो चाहिं खराब हुने उनी बताउँछन् ।

**आवश्यकताभन्दा बढी लोभ**

नेपालीमा एउटा उखान नै छ- लोभले लाभ, लाभले विलाप । यसको अर्थ अत्यधिक लोभ वा चाहिने भन्दा बढी कुनै कुरामा आशक्ति राख्यो भने त्यो मानिस पतन भएर जान्छ ।

भ्रष्टाचार गर्ने र अपराधका घटना बढी लोभकै कारण हुने गर्छन् । ढकालका अनुसार समाजमा हुने विकृति, अप्रिय घटना, हिंसा चाहिनेभन्दा बढी लोभ र लालचकै कारण हुन्छन् ।

'राजनीतिमै हेर्दा पनि खुट्टा तानातान देखिन्छ । शक्ति, दल र पदको लोभले व्यक्तिलाई एकअर्कोप्रति इर्ष्या जगाउँछ । यसले फाइदाभन्दा बढी घाटा नै पुऱ्याइरहेको हुन्छ,' ढकाल भन्छन्, 'आज जे कुरामा पनि भ्रष्टाचार भएको देखिन्छ । जुन आवश्यकताभन्दा बढी लोभकै कारणले देख्न सकिन्छ ।'

**लोभले निम्त्याउँछ मनोरोग**

बुद्धले भनेका छन्, 'आफूलाई चाहेको कुरा मात्र संग्रह गर्नु, चाहिनेभन्दा बढी कुरामा आशक्ति बढ्यो भने दु:खी बनाउँछ ।' अनावश्यक र क्षमताभन्दा बढी अरुलाई हानि गरेरै भएपनि कुनै पनि कुरा पाउन खोजेमा त्यसले सधैं असन्तुष्ट गराउँछ ।

'आवश्यकता भन्दा बढी लोभ गर्नु कमजोर मनस्थितिको उपज हो । आत्मविश्वास कम भएको, कम चेतना भएको, अधैर्यवान व्यक्तिमा आवश्यकता भन्दा बढी लोभको भावना उत्पन्न हुन्छ,' ढकाल भन्छन् ।

यस्तो भावनाले मानसिक रोग निम्त्याउने उनी बताउँछन् । 'आवश्यकताभन्दा बढी लोभले व्यक्तिलाई इर्ष्यालु बनाउँछ । अरुको प्रगति उसले स्वीकार गर्न सक्दैन र ऊजस्तो हुन पनि सक्दैन । जसकारण बढी रिसाउने, झर्किने बनाउँछ,' उनी भन्छन् ।

यसले नैराश्यता, एन्जाइटी र डिप्रेसन जस्ता समस्या हुन सक्छ । त्यसैले अत्यधिक होइन लोभ हद चिनेर त्यसैअनुसार अघि बढ्दा फाइदाजनक हुने ढकाल सुझाउँछन् । *(स्रोत: अनलाईनखबर)*

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

स्वादिष्ट नेवारी खाजा


अब
होटल बासुकला (फास्टफुड) मा
() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

# बालविवाह न्यूनीकरणबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः बालविवाह न्यूनीकरणको विषयमा हेटौंडामा अन्तरक्रियाको आयोजना गरिएको छ। अस्मिता नेपालको आयोजनामा राक्सिराङ गाउँपालिका २, ३ र ५ नम्बर वडामा सञ्चालित बालविवाह नियन्त्रणका लागि सञ्चालित परियोजनाले शिक्षक, अभिभावक, विद्यार्थीबीच अन्तरक्रियाको आयोजना गरेको हो ।

शुक्रबार भएको अन्तरक्रियामा सिविन बालहेल्पलाइनका प्रबन्धक झविन्द्र ज्ञवालीले बालविवाह नियन्त्रणसम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। प्रबन्धक ज्ञवालीले बालविवाहका समस्या, बालविवाह नियन्त्रणका लागि विद्यमान कानुनका विषयमा जानकारी गराउनुभएको थियो। अन्तरक्रियामा अस्मिता नेपालकी कार्यक्रम संयोजक शान्ति कार्कीले राक्सिराङमा सञ्चालित परियोजनाले गरिरहेको कार्य र प्रभावका बारेमा जानकारी गराउनुभएको थियो ।

अन्तरक्रियामा सहभागी राक्सिराङ गाउँपालिका-५ का वडा अध्यक्ष हरिबहादुर प्रजाले बालविवाह नियन्त्रणमा वडा र पालिकाले योजना बनाएको जानकारी दिनुभयो । स्थानीय विद्यालयमा मावि तह सञ्चालन नहुँदा ८ कक्षा उत्तीर्ण गरेपछि पढाईलाई नियमित गर्न नपाउँदा पनि बालविवाहका घटना भइरहेको उल्लेख गर्नुहुँदै वडा अध्यक्ष प्रजाले भन्नुभयो, "अब मावि तहको शिक्षा पनि नजिकै उपलब्ध हुने अवस्था भएकोले बालविवाह नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरेका छौं। वडाले पनि बालविवाह नियन्त्रणका लागि आवश्यक कार्य गर्न बजेट विनियोजन गरेको छ ।" पालिकाको सामाजिक विकास समितिको अध्यक्ष समेत रहनुभएका प्रजाले पालिका र वडाबाट सरोकारवाला सबैलाई जिम्मेवार बनाएर बालविवाह नियन्त्रण गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको छ ।

अन्तरक्रियामा सहभागी शिक्षकले बालविवाह नियन्त्रणका लागि माथिल्लो तहमा पनि दिवाखाजाको व्यवस्था गर्नुपर्ने सुझाव दिएका छन् । तुलनात्मकरुपमा बालविवाहका घटनामा उल्लेख्य कमि आएको दावी गर्दै शिक्षकहरुले पालिकाको अग्रसरता रहे बालविवाह न्युनीकरणमा अझ राम्रो नतीजा हासिल गर्न सकिने दावी गरेका छन् ।

विद्यालयमा सडक नाटक मञ्चन गरेर बालविवाहसम्बन्धी सचेतना अभिवृद्धि गरिने शिक्षकहरुको भनाइ थियो । अन्तरक्रियामा अस्मिता नेपालकी अध्यक्ष आरती पाठकको पनि उपस्थिति रहेको थियो ।

# रास्वपा वडा संयोजकमा खतिवडा

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) हेटौंडा ५ नम्बर वडा संयोजकमा रुपेश खतिवडा चयन हुनुभएको छ । रास्वपा हेटौंडा उपमहानगर कमिटीको वडा कमिटी विस्तार अभियानअन्तर्गत् शनिबार भएको वडा भेलाले खतिवडालाई हेटौंडा-५ को संयोजकमा चयन गरेको हो ।

खतिवडाको संयोजकत्वमा १३ सदस्यीय वडा कमिटी गठन भएको छ । कमिटीको उपसंयोजकमा बालकृष्ण बास्कोटा, सचिवमा दीपेन्द्र बस्नेत र कोषाध्यक्षमा महत कुँवर चयन हुनुभएको छ । भेलाले ४ जना सल्लाहकार पनि चयन गरेको छ ।

रास्वपा हेटौंडाको वडा विस्तार अभियानअन्तर्गत् यसअघि हेटौंडा-११ मा कमिटी गठन गरिएको थियो । बैशाख ३० गते हेटौंडा-६ मा वडा कमिटी विस्तार गरिने रास्वपा हेटौंडा उपमहानर कमिटीका संयोजक ध्रुब विष्टले जानकारी दिनुभयो । उहाँले हेटौंडाका अन्य वडाहरुमा कमिटी विस्तार गर्न तीव्र तयारी भइरहेको बताउनुभयो ।

# सामुदायिक प्रहरी सेवा केन्द्रमा श्रेष्ठ



सामुदायिक प्रहरी सेवा केन्द्रका नवनिर्वाचित पदाधिकारीहरु ।

समाज संवाददाता

हेटौंडाः सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र हेटौंडा-११ को अध्यक्षमा देव कुमार श्रेष्ठ चयन हुनुभएको छ । शनिबार भएको सेवा केन्द्रको पाँचौं अधिवेशनबाट श्रेष्ठको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन भएको छ ।

दुई जना सदस्य पछि थप गरिने नवनिर्वाचित अध्यक्ष श्रेष्ठले बताउनुभएको छ। श्रेष्ठ यसअघि सेवा केन्द्रको उपाध्यक्ष हुनुहुन्थ्यो। केन्द्रको उपाध्यक्षमा कृष्ण प्रसाद खनाल, सचिवमा खेमराज सापकोटा, सह-सचिवमा दिवस पराजुली र कोषाध्यक्षमा महेन्द्र पाण्डे चयन हुनुभएको छ । केन्द्रको सदस्यहरुमा मिना भण्डारी, अक्कल रोक्का, उत्तम पण्डित, श्यामकृष्ण श्रेष्ठ, राजेश श्रेष्ठ, अर्जुन बहादुर मिश्र, यक्ष बहादुर आचार्य, शेषनाथ पुडासैनी, कालु घलान र शेखरराज मैनाली चयन हुनुभएको छ ।

नवनिर्वाचित कार्यसमितिको ३ वर्षको कार्यकाल हुनेछ। सामुदायिक सेवा केन्द्रले प्रहरीलाई सहयोग गर्ने हिसाबले लागुऔषध नियन्त्रण, दुर्व्यसनी नियन्त्रण, घरेलु हिंसा रोकथाम, अपराध नियन्त्रण, बालबालिका तथा महिलाको संरक्षण, दुर्घटना न्युनीकरणको क्षेत्रमा सचेतनामुलक कार्यक्रमहरु गर्दै आएको छ ।

सेवा केन्द्रका निवर्तमान अध्यक्ष शालिकराम पुडासैनीको सभाध्यक्ष तथा बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख वामदेव गौतम र केन्द्रका पुर्वअध्यक्ष सिद्धिलाल श्रेष्ठ लगायतको आतिथ्य रहेको थियो ।

# रेडक्रस उपशाखा सभापतिमा सापकोटा



उपशाखा सभापति निर्वाचित सापकोटालाई प्रमाणपत्र वितरण गरिँदै ।

समाज संवाददाता

हेटौंडाः नेपाल रेडक्रस सोसाइटी हेटौंडा-७, नागस्वती उपशाखाको सभापतिमा हरी गोपाल सापकोटा चयन हुनुभएको छ। शनिबार भएको अधिवेशनले सापकोटाको सभापतित्वमा ११ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध चयन गरेको हो ।

कार्यसमितिको उपसभापतिमा अस्मिता चौलागाई, सचिवमा किरण लामिछाने, कोषाध्यक्षमा सुशील सुवेदी, उपसचिवमा अर्जुन श्रेष्ठ, उपकोषाध्यक्षमा युवराज गौतम चयन हुनुभएको छ। यस्तै, सदस्यहरुमा परमेश्वरी दाहाल, श्याम कुमार दाहाल, सीताराम तिमल्सिना, श्याम काजी भण्डारी र सम्बल चौलगाई चयन हुनुभएको छ । नयाँ कार्यसमितिको कार्यकाल २ वर्ष रहने छ। साधारणसभामा नेपाल रेडक्रस सोसाइटी मकवानपुरकी मन्त्री सुमित्रा काफ्ले, निर्वाचन प्रमुख शिवहरी दाहाल र कोषाध्यक्ष इश्वर बर्तौला लगायतको उपस्थिति रहेको थियो ।

# ज्ञानदीपको साधारणसभामा ६ जना सम्मानित


सहकारीका पूर्वअध्यक्षलाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ मा रहेको ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्थाको शनिबार २३ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभामा विभिन्न विधाबाट योगदान पुऱ्याएको भन्दै ६ जनालाई सम्मानित गरिएको हो ।

सहकारी संस्थाका निवर्तमान अध्यक्ष केशवबहादुर श्रेष्ठलाई ११ हजार एक सय १ रुपैयाँ राशिसहित सम्मानपत्रद्वारा सम्मानित गरिएको छ । यसैगरी पूर्वप्रिन्सिपल भोलाप्रसाद शिवाकोटीलाई पनि ११ हजार एक सय १ रुपैयाँ राशिसहित सम्मानपत्रले सम्मानित गरिएको छ ।

ज्ञानदीप हास्यव्यङ्ग्य सम्मानबाट सिस्नुपानी नेपाल मकवानपुर अध्यक्ष राजकुमार लामिछानेलाई १० हजार १ रुपैयाँ राशिसहित सम्मानपत्रले सम्मानित गरिएको छ । मकवानपुरका पत्रकार राजन दाहाललाई ज्ञानदीप पत्रकारिता सम्मानबाट ५ हजार ५ सय ५५ रुपैयाँ राशिसहित सम्मानपत्रले सम्मानित गरिएको छ । यस्तै, ज्ञानदीप कृति प्रकाशन सम्मानबाट समर्पण न्यौपाने र आदर्श पौडेललाई २०/२० हजार रुपैयाँ राशिसहित सम्मानपत्रले सम्मानित गरिएको छ ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष जिधराज ढकालको सभाध्यक्ष तथा बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा साधारणसभा आयोजना गरिएको हो । विद्यालयको प्रगति प्रतिवेदन प्रिन्सिपल ईश्वरप्रसाद लामिछानेले प्रस्तुत गर्नुभयो । कोषाध्यक्षको प्रतिवेदन मोहनप्रसाद न्यौपानेले, सञ्चालक समितिको प्रतिवेदन अध्यक्ष ढकालले र लेखा समितिको प्रतिवेदन राज अर्यालले प्रस्तुत गर्नुभयो । सहकारी संस्थाको सञ्चालक समिति चयनका लागि आगामी बैशाख २९ गते उम्मेदवारी मनोनयन हुनेछ भने ३० गते निर्वाचन गरिने विद्यालयका शिक्षक दीपक गौतमले जानकारी दिनुभयो ।

# वडा बाल संजालमा गौतम

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नं ७ को वडा बाल संजालको अध्यक्षमा प्रिन्सब गौतम चयन हुनुभएको छ । शनिबार भएको वडास्तरीय बाल संजाल गठन तथा अभिमुखिकरण कार्यक्रमबाट संयोजकमा गौतम चयन भएको हो ।

उपाध्यक्षमा खुशी तामाङ, सचिवमा सन्देश पोखेल, सहसचिवमा निशा मगराती, र कोषाध्यक्षमा अनमोल गौतम चयन हुनुभएको छ । यस्तै सदस्यहरुमा २० जनालाई चयन गरिएको छ । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका महिला तथा बालबालिका महाशाखाकी प्रमुख विष्णु कुमारी लामिछानेले सहजीकरण गर्नुभएको हो। वडा अध्यक्ष दामोदर गौतमको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका महिला तथा बालबालिका शाखाकी प्रमुख बिना ठिके, वडा सदस्यहरु सन्तु माया पाख्रिन, राधिका विश्वकर्मा, दिनेश थापा मगर, श्याम सुन्दर परियार, वडा सचिव प्रशान्त श्रेष्ठ लगायत शिक्षक, अभिभावकको उपस्थिति रहेको थियो ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

नयाँ वर्ष एवम् शैक्षिक सत्र २०८० को शुभकामना

यही मिति २०८० वैशाख ३ गतेदेखि अंग्रेजी र नेपाली दुबै माध्यममा कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुल्यो ।




श्री चन्द्रोदय माध्यमिक विद्यालय
हेटौंडा-८, मकवानपुर

हार्दिक बधाई



देवकुमार श्रेष्ठ श्यामकुमार श्रेष्ठ राजेश श्रेष्ठ

सामुदायिक प्रहरी सेवा केन्द्रको मिति २०८० साल बैशाख २३ गते शनिबार सम्पन्न **पाँचौं अधिवेशन**बाट सर्वसम्मतरुपमा यस नेवा गुठी खलः हेटौंडा-११ का सदस्य, मकवानपुर जिल्ला समितिका महासचिव **देवकुमार श्रेष्ठ** अध्यक्ष, नेवा गुठी खलः हेटौंडा-११ का उपाध्यक्ष **श्यामकुमार श्रेष्ठ** र सचिव **राजेश श्रेष्ठ** सदस्य निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

शर्मिला श्रेष्ठ, अध्यक्ष
**एवम् नेवा गुठी खलः परिवार**
**हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडा समिति**

हेटौंडा अस्पताल
बागमती प्रदेश, हेटौंडा
अस्पतालमा स्वास्थ्य सेवा लिन आउनु हुने महानुभावलाई स्वागत छ ।

**हेटौंडा अस्पतालमा पाउने सेवा सुविधा**

**सेवाहरू**

| | |
|---|---|
| हाडजोर्नी विशेषज्ञ सेवा | : शल्यक्रिया सेवा |
| बालरोग सेवा | : फिजियोथेरापी |
| प्रसुति सेवा | : न्यूरो सेवा |
| दन्त सेवा | : आयुर्वेद सेवा |
| फिजिसियन सेवा | : क्याविन सेवा |
| नाक, कान, घाँटी सेवा | : छाला रोग सेवा |



**विशेष सेवा**

| | |
|---|---|
| ICU, HDU | : ART सेवा |
| Dialysis | : OT/Post/OP |
| General Lab (PCR) | : सर्जिकल वार्ड सेवा |
| Endoscopy | : मेडिकल वार्ड सेवा |
| USG | : सामाजिक सेवा ईकाई |
| CT SCAN | : OCMC सेवा |
| ECG | : जेरायट्रिक वार्ड सेवा |

MRI शिघ्र रुपमा सुचारु हुँदै
NICU/PICU शिघ्र रुपमा सुचारु हुँदै
टिकट खुल्ने समय : बिहान ७ बजे देखि ११ बजे सम्म
बिरामी पुर्जा काट्ने समय : बिहान ७ बजे देखि ११ बजे सम्म
Emergency काउन्टर २४ सै घण्टा
फार्मेसी सेवा २४ सै घण्टा
Online टिकट सेवा
Emergency सेवा
ओ.पि.डी खुल्ने समय
बिहान १० बजे देखि ३ बजे सम्म
शुक्रबार १० बजे देखि १ बजे सम्म
खाजा/खाना खाने समय १ बजे देखि २ बजे सम्म
OT Day (अप्रेसन हुने बार)
हाडजोर्नी : आइतबार र बुधबार (OPD बन्द हुने छ।)
शल्यक्रिया : सोमबार र बिहीबार (OPD बन्द हुने छ।)
प्रसुति : मंगलबार र शुक्रबार (OPD सबै बार खुल्ला हुने छ।)
नाक, कान, घाँटी : आइतबार र बुधबार (OPD बन्द हुने छ।)

Administrative Department
खुल्ने समय आइतबार देखि बिहीबार बिहान १० बजे देखि ५ बजेसम्म
शुक्रबार बिहान १० बजेदेखि ३ बजेसम्म
सम्पर्कः ०५७-५२३७९८, ५२०३०५

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ